# नवलपरासी जिल्ला अदालतबाट जारी भएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको नयाँ भेरियण्ट सहितको कोभिड-१९ को संक्रमण यस जिल्लामा समेत तिव्ररुपमा बढी रहेको सन्दर्भमा जिल्ला प्रशासन कार्यालय नवलपरासीले मिति २०७८।०३।२१ गतेसम्मको लागि निषेधाज्ञालाई निरन्तरता दिएकोले सो मितिसम्मका लागि यस अदालतबाट प्रबाह हुने सेवाहरु मध्ये तपसिल बमोजिमका सेवा बाहेक अन्य सेवाहरु स्थगन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ। साथै निषेधाज्ञा अवधीभर म्याद,हदम्याद र तारीख नगुज्रने व्यहोरा जानकारीको लागि सुचित गरिन्छ।

७८।३।१६

प्रेमप्रसाद पौडेल
(उपसचिव)

तपसिल

१.रिट निवेदनको दर्ता र सुनुवाई।

२.अभियोगपत्र दर्ता,वयान र थुनछेक।

३.म्याद थप, पक्राउ पुर्जी जारी, जरुरी पक्राउ पुर्जी समर्थन, कलडिटेल्स अनुमति।

४.घरेलु हिंसा सम्बन्धी फिराद दर्ता, अन्तर्कालीन आदेश।

५.मुलुकी फौजदारी कार्यविधी संहिता,२०७४ को दफा १५५ बमोजिमको सुविधा तथा बालबालिका अभिभावक जिम्मा लगाई पाउँ भन्ने निवेदन उपर सुनुवाई।

६.दर्ताद्वारा विवाह।

७.मिलापत्र र मुद्दा फिर्ता।